राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## प्रतिक्षासूचिका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिएको सूचना

मिति : २०८०।०४।०३

यस बैंकको निम्न तह र पदमा पदपूर्ति गर्न मिति २०७८।०७।१४ मा प्रकाशित विज्ञापन अनुसार खुला प्रतियोगितात्मक लिखित परीक्षा र अन्तर्वार्तामा सफल उम्मेदवारहरुलाई यस बैंकको पदपूर्ति समितिको निर्णयानुसार तपसिल बमोजिमका तह र पदमा नियुक्तिका लागि योग्यताक्रम सिफारिस गरिएको सूचना मिति २०७९।१२।१८ मा वि.नं. १०१।२०७८।०७९ (कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय) तथा मिति २०८०।०१।२१ मा वि.नं. १०३।२०७८।०७९ (कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय) र वि.नं. १०९।२०७८।०७९ (सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय) प्रकाशन गरिएकोमा केही उम्मेदवारहरुले नियुक्तिपत्र लिई हाजिर भई राजिनामा दिएको कारणले एक वर्ष भित्र रिक्त हुन गएको पदमा पदपूर्ति समितिको निर्णयानुसार सम्वन्धित विज्ञापनको सम्वन्धित समूहको प्रतिक्षा सूचिमा रहेका तपसिलमा उल्लेखित उम्मेदवारहरुलाई प्रतिक्षा सूचिको योग्यताक्रमानुसार नियुक्तिका लागि सिफारिस गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रतिक्षासूचिबाट नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारहरुले नियुक्ति पत्र लिनका लागि नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त चिकित्सकबाट प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो र नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रका एक / एक प्रति प्रमाणित प्रतिलिपिहरु र आफ्ना परिवारका सदस्यहरु (बाबु, आमा, श्रीमान / श्रीमति विवाहित महिला उम्मेदबारहरुको हकमा सासु, ससुरा) को नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिई यस बैंकको केन्द्रीय कार्यालय मानव संशाधन विभागमा सम्पर्क राख्नु हुन अनुरोध छ । प्रतिक्षा सूचिबाट नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र नियुक्ति पत्र लिन सक्नेछन् । नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरु नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संघ संस्थामा कार्यरत भएमा अनिवार्य रुपमा राजिनामा स्वीकृत भएको प्रमाण पेश गर्नु पर्नेछ ।

यसरी प्रतिक्षासूचिबाट नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारहरुलाई बैंकको निर्णयानुसार तपसिल बमोजिमका शाखा कार्यालयहरुमा पदस्थापन गरिएको व्यहोरा समेत जानकारी गराइन्छ । प्रतिक्षासूचिका उम्मेदवारहरुलाई नियुक्तिकालागि सिफारिस गरिएको सूचना यस बैंकको Website: www.rbb.com.np को Notice को Career notice मा समेत राखिएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

प्रतिक्षा सूचिबाट नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारहरु :

| क्र.सं. | वि.नं. | तह | पद | सेवा | समूह | प्रतिक्षा सूचिको | | रोल नं. | नाम र थर | पदस्थापन गरिएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | यो.क्र.नं. | समूह | | | शा.का. | जिल्ला |
| १ | १०१।२०७८।०७९ (कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय) | ४ | सहायक | प्रशासन | प्रशाशन | २ | खुला | ६१०१०१०२५ | श्री दिपेश चन्द | जाजरकोट | जाजरकोट |
| २ | १०३।२०७८।०७९ (कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय) | ४ | सहायक (नगद) | प्रशासन | नगद | २ | खुला | ११०३००७३ | श्री आधार खड्का | जितपुर | धनकुटा |
| ३ | १०९।२०७८।०७९ (सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय) | | | | | १ | आ.ज. | ७१०९०६५० | श्री केशर चौधरी | बझाङ्ग | बझाङ्ग |

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड